# प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर मोरङ, नेपाली भाषा शिक्षा विभागअन्तर्गत

स्नातकोत्तर (एम. एड.) तह नेपा.शि. ५९८

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


शोधकर्ता

पुण्यराज खनाल

दोस्रो वर्षको परीक्षा रोल नं. : २१४०२३८

रजिष्ट्रेशन नं. :

शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

इन्द्रपुर, मोरङ


२०६९/२०१२

**त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त**

## सुकुना बहुमुखी क्याम्पस

**इन्द्रपुर, मोरङ**

**विषय : सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह नेपाली भाषा शिक्षा विभाग अन्तरगत द्वितीय वर्षका छात्र पुण्यराज खनालले **"प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन"** नामक शीर्षकको शोधपत्र मेरो सल्लाह, सुझाव र सुपरिवेक्षणमा मेहनतकासाथ तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र निर्दिष्ट ढाँचामा तयार पारिएकोले यथोचित मूल्याङ्कनको लागि शिफारिस गर्दछु ।

मिति :

...............................................

शोध निर्देशक

नेपाली भाषा शिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

**त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त**

## सुकुना बहुमुखी क्याम्पस

**इन्द्रपुर, मोरङ**

**विषय : स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह, नेपाली भाषा शिक्षा विभाग अन्तरगत द्वितीय वर्षका छात्र पुण्यराज खनालले **"प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन"** नामक शोधपत्र निर्देशकको सल्लाह, सुझाव र निर्देशनमा मेहनतका साथ तयार पार्नु भएको छ । प्रस्तुत शोधपत्र निर्दिष्ट ढाँचामा तयार पारिएकोले मूल्याङ्कनको लागि शिफारिस भए अनुरूप नेपाली शिक्षा विषयको स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| क्र.सं. | पदाधिकारिको नामावली | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | विभागीय प्रमुख | |
| २ | | सदस्य (शोध समिति) | |
| ३ | | शोध निर्देशक | |
| ४ | | बाह्य सुपरीवेक्षक | |

मिति :

# कृतज्ञताज्ञापन

नेपालमा परीक्षा र मूल्याङ्कनलाई एउटै अर्थमा लिने गरिन्छ । त्यसको प्रत्यक्ष प्रभाव प्रश्ननिर्माणमा पर्न जाने देखिन्छ । प्रश्ननिर्माण निकै महत्त्वपूर्ण पक्ष भएको हुनाले यसलाई गम्भीरतापूर्वक अध्ययन विश्लेषण गर्न जरूरी देखिन्छ । गुणस्तरीय नतिजाका लागि गुणस्तरीय प्रश्न निर्माण पहिलो आधार भएकाले प्रवेशिका परीक्षा २०६७ मा पाँचवटै विकास क्षेत्रमा सोधिएका प्रश्नहरूको आन्तरिक र बा□य तथा विशिष्टीकरण तालिकाका आधारमा अध्ययन विश्लेषण गरी प्रश्नपत्रमा भएका राम्रा र नराम्रा पक्षहरू पहिचान गरी आगामी दिनमा गल्तीहरू नदोहोरिऊन् भनी सुधारका लागि आवश्यक सुझाव समेत पेश गरिएको छ ।

प्रस्तुत शोधपत्र मेरा श्रद्धेय गुरु प्रेमप्रसाद भट्टराईको निर्देशनमा तयार पारेको हुँ । आफ्ना अनेकौं व्यस्तताको प्रवाह नगरी अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि अन्तिमचरणसम्म उत्साहबर्द्धक प्रेरणा, हौसला, सही निर्देशन र महत्त्वपूर्ण सुझाव प्रदान दिनु भएकाले नै यो कठीन कार्य पनि समयमा नै सहजताकासाथ सम्पन्न भएको छ । यसका लागि श्रद्धेय गुरुलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई विषयवस्तु चयनदेखि यस रूपमा पु¥याउन आफ्नो अमूल्य समय लगाई आवश्यक सल्लाह दिनुहुने गुरु गोविन्द अधिकारी, दिपक न्यौपाने, गेहेन्द्र खनाल र अन्य गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै अध्ययन कार्यको हरेक क्षणमा आवश्यक सहयोग प्रदान गरी आजको अवस्थामा पु¥याउनु हुने मेरा आदरणीय बुबाआमा गोविन्दप्रसाद खनाल र डुकादेवी खनालप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी शोधकार्यलाई समयमै पूरा गर्नका लागि विशेष सहयोग गर्ने बहिनीहरू गोमा र पूजालाई पनि हार्दिक स्नेहभाव प्रकट गर्दछु ।

त्यस्तै अध्ययनको सिलसिलामा समय प्रदान गरी सहयोग गरिदिने सिद्धार्थ +२ विराटनगरका डाइरेक्टर सुनिल कार्कीलाई पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यसरी नै आफ्नो महत्त्वपूर्ण समयलाई सदुपयोग गर्दै प्रश्नपत्रहरू परीक्षा नियन्त्रण कार्यँलय सानोठिमी भक्तपुरबाट उपलब्ध गराइदिने भाइ गोपाल सुवेदीलाई त कदापि भुल्न सक्दिन ।

शोधपत्रको निर्माणका लागि सतर्कताका साथ कम्प्युटर टाइप गरिदिने कल्पना अधिकारीप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

पुनश्च : यस शोधपत्रलाई पूर्णरूप दिनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई अन्तरहृदयदेखि धन्यवाद दिँदै प्रश्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग  समक्ष पेश गरेको छु ।


शोधार्थी

पुण्यराज खनाल

एम.एड. दोस्रो वर्ष

सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर

# शोधसार

शोधशीर्षक : प्रवेशिका परीक्षा २०६७ का पाँच विकास क्षेत्रका अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन

शोधनिर्देशक : प्रेमप्रसाद भट्टराई

अध्याय : छ

सीमा : प्रवेशिका परीक्षा २०६७ का प्रश्नहरूको मात्र अध्ययन

शोध प्रक्रिया/विधि : पुस्तकालयीय विधि/व्याख्या र विश्लेषणात्मक पद्धति

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको ने.पा.शि. ५९८ पाठयांशको प्रयोजनका लागि तयार पारिएको हो ।

मूलत: पुस्तकालयीय विधिद्वारा तयार पारिएको प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका रूपमा नेपालका पाँच विकास क्षेत्रका २०६७ सालमा प्रवेशिका परीक्षामा उपयोग गरिएका नेपाली विषयका प्रश्नपत्रहरू सामग्रीको रूपमा सङ्कलन गरिएको छ । भाषा, पाठ्यपुस्तकविद्, विषय विशेषज्ञ, बुद्धिजिवी, शिक्षक वर्ग आदिको सम्बन्धित विषयका पुस्तक, पत्रपत्रिका आदिलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्री अध्ययनका लागि वर्णनात्मक विश्लेषणात्मक पद्धति अङ्गालिएको छ ।

छ अध्यायमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा अध्ययनको परिचय दिइएको छ । शोधपत्रको दोस्रो अध्यायमा अध्ययनको सैद्धान्तिक पक्षहरूको चर्चा परिचर्चा गरिएको छ । त्यस्तै शोधपत्रको तेस्रो अध्यायमा प्रश्न विश्लेषणका बाह्य आधारका दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरिएको छ । बाह्य आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, स्वरूप र भाषालाई मुख्य आधार मानी अन्य आधारसमेत समेटिएका छन् । प्रश्न विश्लेषणका आन्तरिक आधारहरू पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणहरू, भाषा र प्रश्नका अन्य पक्षहरूलाई मुख्य आधार र अन्य आवश्यक आधारहरूलाई उपआधार मानी प्रश्नहरूको अध्ययन विश्लेषण र तुलना अध्याय चारभित्र गरिएको छ । पाँचौ अध्यायमा विशिष्टीकरण तालिकाका आधारमा अध्ययन गरिएको छ भने छैठौं अध्यायमा अध्ययनबाट प्राप्त निचोड र सुधारका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको निष्कर्षअनुसार प्रश्नपत्र कुन कक्षा वा तहको हो सो कुरा खुलाइएको छैन । नेपाली भाषाजस्तो विषयका प्रश्नपत्रमा शीर्ष निर्देशनमा 2067 (2011) लेखेर कमजोरी प्रस्तुत गरिएको छ । प्रतिनिधि प्रश्नपत्रमा कुन प्रश्नबाट कति र कस्तो उत्तरको अपेक्षा गरिएको हो सो प्रश्न निर्देशनमा नखुलाउँदा विद्यार्थीमा अन्योलको स्थिति देखिन्छ । कतिपय प्रश्नहरू दुईवटा पृष्ठमा विभक्त गरिएको छ । सुनाइ र बोलाइ सीप परीक्षणका लागि कुनै व्यवस्था गरिएको पाइदैन । मध्यम स्तरीय कागजमा अक्षरहरू खाँदिर साना अक्षरमा लेखिएका छन् । पाठ्यपुस्तकबाट जस्ताको तस्तै सारिएका प्रश्नहरू, कण्ठस्थीकरणमा जोड दिने जस्ता केही प्रश्नहरू समावेश गरिनु त्यस्तै छपाइमा त्रुटिहरू देखिनु जस्ता कारणले विश्वसनीयता र वैधतामा थोरबहुत असर पुऱ्याएको देखिन्छ । त्यसैगरी लेखाइ सीप परीक्षणका लागि सोधिएका कतिपय प्रश्नहरूमा विकास क्षेत्रगत तालमेल मिलेको पाइदैन ।

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा स्तरीय एवम् उपयुक्त प्रश्न निर्माणका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । जसमा प्रश्नहरू निर्माण गर्न तह वा कक्षा अनिवार्य खुलाइनु पर्ने, नेपाली विषयका प्रश्नपत्रमा अङ्ग्रेजी भाषाको प्रयोग गर्न नहुने, प्रश्न निर्देशन सरल, स्पष्ट र द्विविधारहित हुनुपर्ने विकल्प दिंदा प्रत्येक विकास क्षेत्रमा समान प्रकृतिका र समान सङ्ख्यामा दिइनुपर्ने, सुनाइ र बोलाइ सीपको विकास एवम् परीक्षणका लागि व्यावहारिक परीक्षणको व्यवस्था गरिनु पर्ने, विभेदीकरण गर्न सक्ने खालका प्रश्न निर्माणमा जोड दिनु पर्ने, सरलेदेखि जटिलको क्रममा प्रश्नहरू रहनु पर्ने, प्रश्न निर्माण गर्दा वर्णविन्यासका साथै मुद्रण र टङ्कनमा सचेतता अपनाउनु पर्ने, चिन्ह प्रयोगमा ख्याल गर्नुपर्ने, विषयवस्तुको व्यापकता रहनुपर्ने, वस्तुगत प्रश्नलाई केही प्रतिशत स्थान दिइनु पर्ने, पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष बनाउँदै सोही अनुसार प्रश्ननिर्माण गरिनु पर्ने, तालिम प्राप्त व्यक्ति वा विषय विज्ञबाट प्रश्न निर्माण गरिनु पर्ने, भाषिक पक्षहरूको न्यायोचित वितरण हुनुपर्ने आदि रहेका छन् ।

# विषय सूची


| | | |
|---|---|---|
| **अध्याय एक : शोधपत्रको परिचय** | | **१-७** |
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधपत्रको प्रयोजन | १ |
| १.३ | समस्याकथन | १ |
| १.४ | शोधअध्ययनको उद्देश्य | १ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | अध्ययनको औचित्य तथा महत्त्व | ५ |
| १.७ | अध्ययनको सीमा | ६ |
| १.८ | अध्ययन विधि र प्रक्रिया | ६ |
| १.९ | अध्ययनको रूपरेखा | ६ |
| **अध्याय दुई : भाषिक प्रश्ननिर्माणको सैद्धान्तिक परिचय** | | **८-२५** |
| २.१ | मूल्याङ्कनको अवधारणा | ८ |
| २.२ | परीक्षा र मूल्याङ्कन | ८ |
| २.३ | भाषिक मूल्याङ्कन र परीक्षण | ९ |
| २.४ | भाषिक मूल्याङ्कनको प्रकृति | १० |
| २.४.१ | एकीकृत र पृथकीकृत परीक्षण | ११ |
| २.४.२ | पहिचानात्मक र उत्पादनात्मक परीक्षण | ११ |
| २.४.३ | क्लोज र सी परीक्षण | ११ |
| २.४.४ | औपचारिक र अनौपचारिक परीक्षण | १२ |
| २.४.५ | परीक्षाका अन्य युक्तिहरू | १२ |
| २.४.५.१ | लिखित परीक्षा | १२ |
| २.४.५.२ | मौखिक परीक्षा | १३ |
| २.४.५.३ | प्रयोगात्मक परीक्षा | १३ |

२.५ परीक्षण प्रचलित तरिका १४
२.५.१ स्तरयुक्त परीक्षा १४
२.५.२ अध्यापक निर्मित परीक्षा १४
२.६ भाषिक परीक्ष्ँण योजना १४
२.६.१ पाठ्यक्रम विश्लेषण १५
२.६.२ परीक्षण उद्देश्यको निर्धारण १५
२.६.२.१ संज्ञान क्षेत्र १५
२.६.२.२ प्रभावी/भावनात्मक क्षेत्र १६
२.६.२.३ मनोक्रियात्मक क्षेत्र १६
२.६.३ विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग १६
२.६.४ प्रश्नरचना १७
२.६.४.१ प्रश्नका प्रकार १७
(क) वस्तुगत प्रश्न १७
(अ) बहुवैकल्पिक प्रश्न १८
(आ) खालीठाउँ भर्ने प्रश्न १८
(इ) ठीक बेठीक छुट्याउने प्रश्न १८
(ई) जोडा मिलाउने प्रश्न १९
२.६.४.२ विषयगत प्रश्न १९
(अ) निबन्धात्मक प्रश्न १९
(आ) सङ्क्षिप्त उत्तरात्मक प्रश्न २०
२.७ प्रश्नको सङ्गठन र अन्तिम तयारी २०
२.७.१ बुँदागत अङ्कमापन २०
२.७.२ प्रश्नगत अङ्कमापन २१
२.७.३ बहुपरीक्षकद्वारा अङ्कमापन २१
२.७.४ समूहगत अङ्कमापन २२
२.८ भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कमापन २२
२.९ प्रश्न विश्लेषणका आधारहरू २२

२.९.१ तथ्याङ्कशास्त्रीय आधार २३

२.९.२ सैद्धान्तिक आधार २३

२.१० निष्कर्ष २४

**अध्याय तीन : बा□य बैधताका आधारमा निर्दिष्ट प्रश्नहरूको अध्ययन विश्लेषण २६-४०**

३.१ शीर्ष निर्देशन २६

३.१.२ प्रश्न निर्देशन २७

३.१.३ विकल्प निर्देशन २७

३.१.४ पृष्ठ निर्देशन २८

३.२ अङ्क विभाजन र समय निर्धारण २८

३.२.१ पूर्णाङ्क र त्यसको वितरण २९

३.२.२ उत्तीर्णाङ्क ३०

३.२.३ भाषिक सीप र अङ्क विभाजन ३०

३.२.३.१ पढाइ सीप र अङ्क विभाजन ३०

३.२.३.२ लेखाइ सीप र अङ्क विभाजन ३१

३.२.३.३ शब्दभण्डार र अङ्क विभाजन ३३

३.२.३.४ व्याकरण र अङ्क विभाजन ३४

३.२.४ समय विभाजन ३५

३.३ प्रस्तुति अनुक्रम ३५

३.४ प्रश्नपत्रको स्वरूप ३५

३.४.१ शीर्षभाग ३६

३.४.२ आकार ३६

३.४.३ प्रश्न सङ्ख्या ३७

३.४.४ प्रश्न र पृष्ठ ३७

३.४.५ कागजको स्तर ३७

३.४.६ छपाइ र सफाइ ३८

३.५ भाषा ३८

३.५.१ वर्णविन्याससम्बन्धी त्रुटि ३८

३.५.२ पदयोग र पदवियोगसम्बन्धी त्रुटि ३९

३.५.३ चिन्ह प्रयोगसम्बन्धी त्रुटि ३९

३.५.४ अन्य पक्ष ३९

३.६ अन्त्यमा ३९

**अध्याय चार : आन्तरिक आधारमा २०६७ सालका अनिवार्य नेपाली विषयका प्रश्नहरूको अध्ययन ४१-५५**

४.१ माध्यमिक तहको पाठ्यक्रम अनुरूपता ४१

४.१.१ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न ४१

४.१.२ विषयवस्तुको सीमा र प्रश्न ४२

४.१.३ विधाको अङ्कभार र प्रश्न सन्तुलन ४३

४.१.४ विधागत समय र प्रश्न सापेक्षता ४४

४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन ४४

४.२.१ पढाइ सीप परीक्षण ४५

४.२.२ लेखाइ सीप परीक्षण ४६

४.२.३ पढाइ र लेखाइ एकीकृत सीप परीक्षण ४७

४.२.४ शब्दभण्डार क्षमता परीक्षण ४८

४.२.५ व्याकरण परीक्षण ४९

४.२.६ व्याकरणात्मक संज्ञान र बोध अङ्कभार ४९

४.३ प्रश्नमा हुनुपर्ने गुण ५०

४.३.१ विश्वसनीयता ५०

४.३.२ वैधता ५०

४.३.२.१ रचनात्मक वैधता ५१

४.३.२.२ विषयगत वैधता ५१

४.३.२.३ अनुमानात्मक वैधता ५१

४.३.२.४ समवर्ती वैधता ५२

४.३.३ विभेदीकारिता ५२

४.३.४ व्यावहारिकता ५२४

४.४ भाषा ५३

४.५ प्रश्नका विविध पक्षहरू ५४

४.६ सारांश ५४

**अध्याय पाँच : विशिष्टीकरण तालिकाअनुरूप प्रश्नहरूको अध्ययन ५६-५७**

५.१ विषयवस्तु, विधा निर्देशन र स्पष्टीकरण अनुसार प्रश्नविन्यास ५६

५.२ विषयवस्तु, विधा निर्देशन, स्पष्टीकरण अनुसार प्रतिनिधि प्रश्न २०६७ को विवरण ५६

५.३ प्रश्न सङ्ख्या, अङ्कभार र समय ५६

**अध्याय छ : निष्कर्ष र सुझाव ५८-६५**

६.१ निष्कर्ष ५८

६.१.१ बा□य आधारमा २०६७ सालको प्रवेशिका प्रश्नपत्रको निष्कर्ष ५८

६.१.२ आन्तरिक आधारमा २०६७ सालको प्रवेशिका प्रश्नपत्रको निष्कर्ष ५९

६.१.३ विशिष्टीकरण तालिकाको आधारमा ६०

६.२ सुझावहरू ६०

६.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू ६१

सन्दर्भग्रन्थसूची ६२

परिशिष्ट ६४

# तालिका सूची


तालिका नं. १ : पूर्णाङ्क र त्यसको वितरण २९

तालिका नं. २ : पढाइ सीप परीक्षण र अङ्क विभाजन ३१

तालिका नं. ३ : लेखाइ सीप र अङ्क विभाजन ३२

तालिका नं. ४ : शब्दभण्डार र अङ्क विभाजन ३३

तालिका नं. ५ : व्याकरण र अङ्क विभाजन ३४

तालिका नं. ६ : विधाको अङ्कभार र प्रश्न सन्तुलन ४३

तालिका नं. ७ : पढाइ सीप परीक्षण ४५

तालिका नं. ८ : लेखाइ सीप परीक्षण ४६

तालिका नं. ९ : पढाइ लेखाइ एकीकृत सीप परीक्षण ४७

तालिका नं. १० : शब्दभण्डार परीक्षण ४८